राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


# प्रेस नोट

२०७६ साउन २३

## जेष्ठ नागरिक विधेयकमा हुनु पर्ने सुधार बारेका सुझाव

राष्ट्रिय मानव अधिकार आयोगले संसदमा विचाराधीन जेष्ठ नागरिक सम्बन्धी संशोधन विधेयकका प्रावधान बारे २०७६ साल साउन २ गते एउटा वृहत छलफल कार्यक्रम गर्‍यो । छलफलमा पूर्व न्यायाधीश, कानून व्यवसायी तथा नेपाल बार एशोसिएशन, जेष्ठ नागरिकका क्षेत्रमा कार्यरत संघ संस्था, विशेषज्ञ र सरकारी निकायहरुका प्रतिनिधिको सहभागिता थियो ।

छलफल पछि उक्त कानूनमा हुनु पर्ने नीतिगत सुधार, कानूनी सुधार र पूर्ण मस्यौदा सहितको सुझाव हाल विधेयक छलफल भइरहेको प्रतिनिधि सभा महिला तथा सामाजिक समितिमा पठाएको छ ।

सुझावमा सार्वजनिक पदाधिकारी समेतले आफ्नो आम्दानीको निश्चित प्रतिशत बाबु आमाको बैंक खातामा जम्मा गर्नुपर्ने व्यवस्था राम्रो हुँदा हुँदै पनि प्रभावकारी कार्यान्वयनका लागि थप छलफल हुनु पर्ने विषय औँल्याइएको छ । यस व्यवस्थाले गरीबीको रेखामुनि रहेका खासगरी ग्रामीण भेगका अधिकांश जेष्ठ नागरिक लाभान्वित हुन नसक्ने हुँदा विशेष कोषको प्रावधान राख्न सुझाइएको छ । भरण पोषण नगर्ने सन्तान विरुद्ध स्वयं बाबु आमाले नै उजूर गर्नुपर्ने बाध्यता हटाई छरछिमेकी समेत जो कोहीले उजूरी गर्न पाउने र सञ्चार माध्यम लगायतबाट स्वयम् जानकारी लिन सकिने प्रावधान थप्न सुझाव दिइएको छ । बैंकमा रकम जम्मा नगर्ने सन्तानले पनि बाबु आमाको शेषपछि सो रकमको हिस्सा पाउने व्यवस्थालाई न्यायिक मान्न नसकिने कुरा पनि उठाइएको छ । दिगो समधानका लागि बाबु आमाको आर्जनको सम्पत्ति निजहरुले  ईच्छापत्र गरे अनुसार हुने ईच्छापत्र प्रणाली पन्ध्र वर्ष पछि लागू हुने गरी कानूनी व्यवस्था गर्न पनि सुझाव दिइएको छ ।

जेष्ठ नागरिक सम्बन्धी मुद्दा हेर्न जिल्ला अदालतमा बेग्लै इजलास र निरन्तर सुनुवाईको व्यवस्था समावेश गर्न पनि माग गरिएको छ । स्थानीय तहमा मेलमिलाप हुन नसकेका जेष्ठ नागरिकका मुद्दा स्थानीय निकायकै प्रतिवेदनका आधारमा जिल्ला अदालतबाट कारवाही शुरु गर्ने कानूनी प्रवन्ध हुन उचित हुने राय दिइएको छ ।

सेवा निवृत्त तथा अनुभवी जेष्ठ नागरिकको सेवा लिन स्थानीय निकायका गाउँ वा टोलमा जेष्ठ नागरिक समूह बनाई तिनको प्रवन्ध गर्ने दायित्व स्थानीय सरकारको हुनुपर्ने सुझाव पनि दिइएको छ । दिवा सेवा केन्द्र र स्याहार केन्द्रहरुको स्थानीय सरकारले अनिवार्य रुपमा सञ्चालन गर्नुपर्ने, वृद्धाश्रमहरु एकत्रित गरी सुविधासम्पन्न रुपमा सञ्चालन गर्नुपर्ने प्रावधानले पनि संशोधित ऐनमा ठाउँ पाउनु पर्ने विषय औँल्याइएको छ । वृद्धाश्रममा बस्ने जेष्ठ नागरिकहरुलाई नागरिकता नखोजी परिचयपत्रको आधारमा वृद्ध भत्ता दिनु पर्ने कानूनी व्यवस्था हुनुपर्ने आवश्यकता औँल्याइएको छ ।

जेष्ठ नागरिकको स्वास्थ्यको अधिकार सुनिश्चित हुनुपर्ने, साम्पत्तिको अधिकार संरक्षित हुनुपर्ने र पारिवारिक सम्बन्ध सुदृढ हुनुपर्ने प्रावधानहरु समावेश गर्न पनि सुझाइएको छ । जेष्ठ नागरिकलाई झुक्याएर सम्पत्ति हस्तान्तरण सम्बन्धी कागज गराइएको ठहरे स्वतः बदर हुने प्रावधान ऐनमा राख्ने सुझाव पनि दिइएको छ । आयोगले जेष्ठ नागरिकका स्वास्थ्य समस्या तर्फ विशेष ध्यान दिन यस पूर्व

दिएको सुझाव तर्फ पनि पुनः ध्यानाकर्षण गराइएको छ । कानून बनाउन भन्दा त्यसलाई कार्यान्वयन गर्न उदासीन हुन नहुने विषय औंल्याउँदै अनुगमन, निर्देशन, कारवाही र सरकारी सहयोगलाई कानूनी जिम्मेवारीकै रुपमा राखी तीनै तहका सरकारलाई जेष्ठ नागरिक प्रति उत्तरदायी हुनुपर्ने प्रावधान समेत विधेयकमा समावेश गर्न आग्रह गरिएको छ ।

आयोगले गत वर्ष जेष्ठ नागरिकका मानव अधिकारका विषयमा सातै प्रदेशका ६२ जिल्लामा अध्ययन गरेको थियो । त्यहाँ रहेका वृद्धाश्रम, दिवासेवा केन्द्र, कल्पवास, स्याहार केन्द्रमा पुगी त्यहाँ रहनु भएका जेष्ठ नागरिकहरु र केन्द्र सञ्चालनहरु सँग छलफल गरेको थियो । यसै अध्ययनका आधारमा ७७ वटा सुझाव नेपाल सरकारलाई दिएको थियो । जेष्ठ नागरिकहरुका मूल समस्यामा स्वास्थ्य, सम्पत्ति र परिवार रहेको निष्कर्षका साथ देशमा एउटा जेष्ठ नागरिक अस्पताल र प्रत्येक प्रदेशमा कम्तीमा एउटा अस्पतालमा साधन सम्पन्न जेरियाट्रिक वार्डको प्रबन्ध गर्न सरकारसँग माँग गरेको थियो ।

..................
वेद भट्टराई
सचिव/प्रवक्ता